# बीमा प्रतिबिम्ब

**नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण**
**वर्ष ३ अंक २ २०८३ भदौ**

## पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८३/८४ को भदौ मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कारबाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता, र आम सर्वसाधरणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

## नेपाली बीमा बजार

आ.व. २०८३/८४ को भदौ मसान्तसम्ममा बीमाक्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

### १. बीमालेख संख्या

| सूचक | २०८२ भदौ मसान्तसम्ममा | २०८३ भदौ मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| कुल जारी जीवन बीमालेख संख्या | ११,९८,६४३ | १५,७५,०६९ | ३१.४० |
| कुल जारी निर्जीवन बीमालेख संख्या | ४,९०,३०७ | ५,३२,०४७ | ८.५१ |

चालु आ.व २०८३/८४ को भदौ मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट १५ लाख ७५ हजार ६९ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा ५ लाख ३२ हजार ४७ वटा बीमालेख जारी भएका छन् जुन गत आ.व.को भदौ मसान्तको तुलनामा क्रमशः ३१.४० प्रतिशत र ८.५१ प्रतिशतको वृद्धि हो।

## २. बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| सूचक | २०८२ भदौ मसान्तसम्ममा | २०८३ भदौ मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा | ७२,६९६.०९ | ८६,९४५.८५ | १९.६० |
| नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा | २,८७,२०४.७९ | ३,२५,९७३.३९ | १३.५० |
| **कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **३,५९,९००.८८** | **४,१२,९१९.२४** | **१४.७३** |
| **कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **८२,९३२.१३** | **९९,७७४.८१** | **२०.३१** |
| **जम्मा बीमाशुल्क संकलन रु. लाखमा** | **४,४२,८३३.०१** | **५,१२,६९४.०५** | **१५.७८** |

चालु आ.व २०८३/८४ को भदौ मसान्तसम्ममा रु. ५१ अर्ब २६ करोड ९४ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को भदौ मसान्तको तुलनामा १५.७८ प्रतिशत वृद्धि हो। त्यसैगरी, गत आ.व. को भदौ मसान्तको तुलनामा चालु आ.व. को भदौ मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १४.७३ प्रतिशतले वृद्धि भई रु.४१ अर्ब २९ करोड १९ लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ २०.३१ प्रतिशतले वृद्धि भई रु. ९ अर्ब ९७ करोड ७५ लाख बीमाशुल्क संकलन भएको छ।

## ३. बीमा दाबी भुक्तानी विवरण

*रकम रु. लाखमा*

| सूचक | २०८२ भदौ मसान्तसम्ममा | २०८३ भदौ मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा दाबी भुक्तानी संख्या | ४३,३६३ | ४९,७७३ | १४.७८ |
| जीवन बीमा दाबी भुक्तानी रकम | ८२,६८९.२५ | ९६,९५६.५४ | १७.२५ |
| भुक्तानी हुन वाँकी दाबी संख्या *(जीवन)* | ५६,५९७ | १,२१,६४४ | ११४.९३ |
| भुक्तानी हुन वाँकी दाबी रकम *(जीवन)* | ४७,५८३.२६ | ९७,१९०.१८ | १०४.२५ |
| निर्जीवन बीमा दाबी भुक्तानी संख्या | २२,३८२ | २३,८३९ | ६.५१ |
| निर्जीवन बीमा दाबी भुक्तानी रकम | ३२,५३८.५९ | ३९,९०४.४० | २२.६४ |
| भुक्तानी हुन वाँकी दाबी संख्या *(निर्जीवन)* | १,०५,४९९ | १,१४,००६ | ८.०६ |
| भुक्तानी हुन वाँकी दावी रकम *(निर्जीवन)* | ४,०९,५३०.७३ | ५,७३,५८७.०४ | ४०.०६ |

चालु आ.व २०८३/८४ को भदौ मसान्तसम्ममा जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या ४९ हजार ७७३ रहेको छ जस अन्तर्गत रु. ९ अर्ब ६९ करोड ५७ लाख भुक्तानी भएको छ। गत आ.व.को भदौ मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा १४.७८ प्रतिशत र १७.२५ प्रतिशत वृद्धि भएको देखिन्छ। साथै, १ लाख २१ हजार ६४४ वटा दाबी अन्तर्गत रु. ९ अर्ब ७१ करोड ९० लाख भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८३/८४ को भदौ मसान्तसम्ममा कुल २३ हजार ८३९ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु ३ अर्ब ९९ करोड ०४ लाख भुक्तानी भएको छ भने, १ लाख १४ हजार ६ वटा दाबी संख्या अन्तर्गत कुल रु ५७ अर्ब ३५ करोड ८७ लाख भुक्तानी हुन बाँकी रहेको छ। गत आ.व.को भदौ मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा क्रमश ६.५१ प्रतिशत र २२.६४ प्रतिशतले वृद्धि भएको छ।

## ४. समर्पण तथा व्यतित विवरण

*रकम रु. लाखमा*

| सूचक | २०८२ भदौ मसान्तसम्ममा | २०८३ भदौ मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| समर्पण संख्या | १५,८९८ | १४,९९६ | (५.६७) |
| समर्पण रकम | २५,००७.०८ | २५,७४३.१२ | २.९४ |
| व्यतित बीमालेखको संख्या | १२,१३,५६२ | १०,१०,९९६ | (१६.६९) |
| व्यतित बीमालेखको रकम | ३,६४,३४७.४२ | ३,५५,९६९.९५ | (२.३०) |

चालु आ.व २०८३/८४ को भदौ मसान्तसम्ममा १४ हजार ९९६ वटा जीवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु २ अर्ब ५७ करोड ४३ लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १० लाख १० हजार ९९६ बीमालेख व्यतित भएका छन् भने व्यतित बीमालेखको रकम रु ३५ अर्ब ५९ करोड ७० लाख रहेको छ।

## ५. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

| सूचक | २०८२ भदौ मसान्तसम्ममा | २०८३ भदौ मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,८३४ | १,८७० | १.९६ |
| निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,१५५ | १,१५४ | (०.०९) |
| **बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या** | **२,९८९** | **३,०२४** | **१.१७** |
| जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ६,०६५ | ६,१४६ | १.३४ |
| निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ६,२५३ | ६,३३७ | १.३४ |
| **बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या** | **१२,३१८** | **१२,४८३** | **१.३४** |

चालु आ.व. २०८३/८४ को भदौ मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८७० र  निर्जीवन बीमातर्फ १ हजार १५४ गरी जम्मा शाखा संख्या ३ हजार २४  पुगेको छ भने जीवन बीमातर्फ ६ हजार १४६ र निर्जीवन बीमातर्फ ६ हजार ३३७ गरी कुल १२ हजार ४८३ जना कर्मचारी कार्यरत छन् ।

## ६. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

| सूचक | २०८२ भदौ मसान्तसम्ममा (१) | जारी बीमालेख को हिस्सा प्रतिशत | २०८३ भदौ मसान्तसम्म मा (२) | जारी बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक जीवन बीमा | ६६,५२८ | ५.५५ | ६०,६२२ | ३.८५ | (८.८८) |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमा | ५,६६० | ०.४७ | ६,५२१ | ०.४१ | १५.२१ |
| रुपान्तरित सावधिक जीवन बीमा | ८,३४४ | ०.७० | ९,५६३ | ०.६१ | १४.६१ |
| बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा | १८,७६३ | १.५७ | १९,१३१ | १.२१ | १.९६ |
| वैदेशिक रोजगार म्यादि | १,३८,५६४ | ११.५६ | १,२९,९०१ | ८.२५ | (६.२५) |
| आजिवन जीवन बीमा | ८६१ | ०.०७ | ८३३ | ०.०५ | (३.२५) |
| एकल बीमाशुल्क जीवन बीमा | २,२५७ | ०.१९ | २,८४८ | ०.१८ | २६.१९ |
| म्यादि  जीवन बीमा | १,५१,६२९ | १२.६५ | १,०७,४२४ | ६.८२ | (२९.१५) |
| लघु जीवन बीमा | ८,०४,६३० | ६७.१३ | १२,३६,२०२ | ७८.४९ | ५३.६४ |
| अन्य जीवन बीमा | १,४०७ | ०.१२ | २,०२४ | ०.१३ | ४३.८५ |
| जम्मा | ११,९८,६४३ | १००.०० | १५,७५,०६९ | १००.०० | ३१.४० |

चालु आ.व. २०८३/८४ को भदौ मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ७८.४९ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन बीमालेखको ०.०५ प्रतिशत रहेको छ । गत आ.व.को भदौ मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा ३१.४० प्रतिशतले वृद्धि भएको छ ।

### ७. प्रदेश अनुसार जारी जीवन बीमालेख संख्या

| प्रदेश | २०८२ भदौ मसान्तसम्ममा (१) | जारी बीमालेखको हिस्सा प्रतिशत | २०८३ भदौ मसान्तसम्ममा (२) | जारी बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | १,५७,४१४ | १३.१३ | ८,१३,०९२ | ५१.६२ | ४१६.५३ |
| मधेश | २२,४३३ | १.८७ | २८,३५९ | १.८० | २६.४२ |
| बाग्मती | ८,६८,९१८ | ७२.४९ | ६,०४,९७४ | ३८.४१ | (३०.३८) |
| गण्डकी | ५४,७४३ | ४.५७ | ३७,४०१ | २.३७ | (३१.६८) |
| लुम्बिनी | ३५,३०० | २.९४ | ३६,५१५ | २.३२ | ३.४४ |
| कर्णाली | ३६,३६५ | ३.०३ | २९,९३२ | १.९० | (१७.६९) |
| सुदुरपश्चिम | २३,४७० | १.९६ | २४,७९६ | १.५७ | ५.६५ |
| जम्मा | ११,९८,६४३ | १००.०० | १५,७५,०६९ | १००.०० | ३१.४० |

चालु आ.व. २०८३/८४ को भदौ मसान्तसम्ममा जारी जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी जारी बीमालेखको हिस्सा कोशी प्रदेशमा ५१.६२ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा सुदुरपश्चिम प्रदेशको १.५७ प्रतिशत रहेको छ।

### ८. जारी निर्जीवन बीमालेख संख्या

| निर्जीवन बीमालेख | २०८२ भदौ मसान्तसम्ममा (१) | जारी बीमालेखको हिस्सा प्रतिशत | २०८३ भदौ मसान्तसम्ममा (२) | जारी बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति बीमा | ८३,२६५ | १६.९८ | ७७,९५३ | १४.६५ | (६.३८) |
| सामुन्द्रिक बीमा | ६५,३५० | १३.३३ | ६५,९७६ | १२.४० | ०.९६ |
| हवाई बीमा | २६ | ०.०१ | ५५ | ०.०१ | १११.५४ |
| मोटर बीमा | २,१९,७४५ | ४४.८२ | २,६२,४१४ | ४९.३२ | १९.४२ |
| इन्जि. तथा ठे. जो. बीमा | २,७२२ | ०.५६ | ३,५०८ | ०.६६ | २८.८८ |
| विविध बीमा | २१,९७४ | ४.४८ | २९,४९५ | ५.५४ | ३४.२३ |
| कृषि तथा बाली बीमा | ३२,३१७ | ६.५९ | ३८,१९४ | ७.१८ | १८.१९ |
| लघु बीमा | ५९,५७३ | १२.१५ | ५०,३११ | ९.४६ | (१५.५५) |
| दायित्व बीमा | १३९ | ०.०३ | १८७ | ०.०४ | ३४.५३ |

| | | | | | |
|---|---|---|---|---|---|
| स्वास्थ्य बीमा | ५,१९६ | १.०६ | ३,९५४ | ०.७४ | (२३.९०) |
| जम्मा | ४,९०,३०७ | १००.०० | ५,३२,०४७ | १००.०० | **८.५१** |

चालु आ.व. २०८३/८४ को भदौ मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४९.३२ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.०१ प्रतिशत रहेको छ। गत आ.व. को भदौ मसान्तसम्मको तुलनामा चालु आ.व.को भदौ मसान्तसम्ममा जारी बीमालेख संख्या ८.५१ प्रतिशत वृद्धि भएको छ।

## ९. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

| प्रदेश | २०८२ भदौ मसान्तसम्ममा (१) | बीमालेख को हिस्सा प्रतिशत | २०८३ भदौ मसान्तसम्ममा (२) | बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | ६२,६९३ | १२.७९ | ६३,९१५ | १२.०१ | **१.९५** |
| मधेश | ४९,९०८ | १०.१८ | ५४,७७६ | १०.३० | **९.७५** |
| बागमती | २,३०,४३७ | ४७.०० | २,५४,९९२ | ४७.९३ | **१०.६६** |
| गण्डकी | ४२,६५६ | ८.७० | ४४,७४० | ८.४१ | **४.८९** |
| लुम्बिनी | ७५,७४२ | १५.४५ | ८०,३७२ | १५.११ | **६.११** |
| कर्णाली | ७,९१४ | १.६१ | ९,४३३ | १.७७ | **१९.१९** |
| सुदुरपश्चिम | २०,९५७ | ४.२७ | २३,८१९ | ४.४८ | **१३.६६** |
| **जम्मा** | ४,९०,३०७ | १००.०० | ५,३२,०४७ | १००.०० | **८.५१** |

चालु आ.व. २०८३/८४ को भदौ मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ८.५१ प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा  कर्णाली प्रदेशमा १.७७ प्रतिशत रहेको छ।

## १०. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| जीवन बीमालेख | २०८२ भदौ मसान्तसम्ममा (१) | बीमाशुल्कको हिस्सा प्रतिशत | २०८३ भदौ मसान्तसम्ममा (२) | बीमाशुल्कको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक | १,५८,३८१.६१ | ४४.०१ | १,९१,५१९.९१ | ४६.३८ | २०.९२ |
| अग्रिम भुक्तानी सावधिक | ६९,३३३.६५ | १९.२६ | ७५,२११.६७ | १८.२१ | ८.४८ |
| रुपान्तरित सावधिक | ४०,१९८.३९ | ११.१७ | ४४,८६६.१६ | १०.८७ | ११.६१ |
| बालबच्चा सम्बन्धि सावधिक | ५४,४५३.५९ | १५.१३ | ५८,३१९.०८ | १४.१२ | ७.१० |
| बैदेशिक रोजगार म्यादि | ५,८३८.७१ | १.६२ | ५,५३३.८३ | १.३४ | (५.२२) |
| आजिबन | ८,३०२.९० | २.३१ | ८,३५८.१६ | २.०२ | ०.६७ |
| एकल बीमाशुल्क | १०,४७४.८७ | २.९१ | १४,२८१.३४ | ३.४६ | ३६.३४ |
| म्यादि | २,८४५.१७ | ०.७९ | २,६२९.८४ | ०.६४ | (७.५७) |
| लघु | ४,२९८.९८ | १.१९ | ५,८९०.६३ | १.४३ | ३७.०२ |
| अन्य | ५,७७३.०१ | १.६० | ६,३०८.६१ | १.५३ | ९.२८ |
| **जम्मा** | ३,५९,९००.८८ | १००.०० | ४,१२,९१९.२४ | १००.०० | १४.७३ |

चालु आ.व. २०८३/८४ को भदौ मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ४६.३८ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.६४ प्रतिशत रहेको छ। गत आ.व. को भदौ मसान्तसम्मको तुलनामा चालु आ.व.को भदौ मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलन १४.७३ प्रतिशतले वृद्धि भएको छ।

## ११. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| प्रदेश | २०८२ भदौ मसान्तसम्ममा (१) | बीमाशुल्कको हिस्सा प्रतिशत | २०८३ भदौ मसान्तसम्ममा (२) | बीमाशुल्कको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | ४३,१७७.११ | १२.०० | ४८,८१४.८९ | ११.८२ | १३.०६ |
| मधेश | २९,७९०.६३ | ८.२८ | ३५,०४७.९९ | ८.४९ | १७.६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| बागमती | १,७२,२२६.७४ | ४७.८५ | १,९५,७२९.७७ | ४७.४० | १३.६५ |
| गण्डकी | ३५,१९३.६१ | ९.७८ | ४०,१२४.७९ | ९.७२ | १४.०१ |
| लुम्बिनी | ५०,९१३.७० | १४.१५ | ५९,३३९.८२ | १४.३७ | १६.५५ |
| कर्णाली | १०,१२०.२९ | २.८१ | ११,६२१.३९ | २.८१ | १४.८३ |
| सुदुरपश्चिम | १८,४७८.८० | ५.१३ | २२,२४०.६० | ५.३९ | २०.३६ |
| **जम्मा** | ३,५९,९००.८८ | १००.०० | ४,१२,९१९.२४ | १००.०० | १४.७३ |

चालु आ.व. २०८३/८४ को भदौ मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४७.४० प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा २.८१ प्रतिशत रहेको छ।

## १२.बीमालेख अनुसार निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| निर्जीवन बीमालेख | २०८२ भदौ मसान्तसम्ममा (१) | बीमाशुल्क को हिस्सा प्रतिशत | २०८३ भदौ मसान्तसम्म मा (२) | बीमाशुल्क को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति | २५,१४२.३३ | ३०.३२ | २७,०८०.५९ | २७.१४ | ७.७१ |
| सामून्द्रिक | ५,३०९.०३ | ६.४० | ७,९१५.७९ | ७.९३ | ४९.१० |
| हवाई | ३,५२९.८८ | ४.२६ | ४,९०२.८४ | ४.९१ | ३८.९० |
| मोटर | २३,०६९.७० | २७.८२ | २६,०८५.५५ | २६.१४ | १३.०७ |
| इन्जि. तथा ठे. जो. | १०,९६७.८० | १३.२३ | १५,०८५.२२ | १५.१२ | ३७.५४ |
| विविध | ५,९६७.०७ | ७.२० | ९,००३.७६ | ९.०२ | ५०.८९ |
| कृषि तथा बाली | ३,२८२.८२ | ३.९६ | ३,८६३.१९ | ३.८७ | १७.६८ |
| लघु | १,६८२.४७ | २.०३ | १,४५२.५३ | १.४६ | (१३.६७) |
| दायित्व | ११०.८५ | ०.१३ | १६७.२७ | ०.१७ | ५०.८९ |
| स्वास्थ्य | ३,८७०.१७ | ४.६७ | ४,२१८.०७ | ४.२३ | ८.९९ |
| **जम्मा** | ८२,९३२.१३ | १००.०० | ९९,७७४.८१ | १००.०० | २०.३१ |

चालु आ.व. २०८३/८४ को भदौ मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सम्पत्ति बीमालेखको २७.१४ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा दायित्व बीमालेखको ०.१७ प्रतिशत रहेको छ। गत आ.व. को भदौ मसान्तसम्मको तुलनामा चालु आ.व.को भदौ मसान्तसम्ममा कुल बीमाशुल्क संकलन २०.३१ प्रतिशतले वृद्धि भएको छ।

## १३. प्रदेश अनुसार कुल निर्जीवन बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| प्रदेश | २०८२ भदौ मसान्तसम्ममा (१) | बीमाशुल्क को हिस्सा प्रतिशत | २०८३ भदौ मसान्तसम्ममा (२) | बीमाशुल्क को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | ७,०८०.४९ | ८.५४ | ८,२२६.८८ | ८.२५ | १६.१९ |
| मधेश | ५,८१६.०८ | ७.०१ | ६,५४३.२१ | ६.५६ | १२.५० |
| बागमती | ५६,४७८.७२ | ६८.१० | ६९,४०९.४२ | ६९.५७ | २२.८९ |
| गण्डकी | ४,२४१.७९ | ५.११ | ४,७७६.६५ | ४.७९ | १२.६१ |
| लुम्बिनी | ६,९७६.४७ | ८.४१ | ७,९५२.४२ | ७.९७ | १३.९९ |
| कर्णाली | ७१६.२१ | ०.८६ | ७७५.३४ | ०.७८ | ८.२६ |
| सुदुरपश्चिम | १,६२२.३६ | १.९६ | २,०९०.८८ | २.१० | २८.८८ |
| **जम्मा** | ८२,९३२.१३ | १००.०० | ९९,७७४.८१ | १००.०० | २०.३१ |

चालु आ.व. २०८३/८४ को भदौ मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा  सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६९.५७ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.७८ प्रतिशत रहेको छ ।

## १४. उजुरी दर्ता तथा फछ्यौंट

| विवरण | | आर्थिक वर्ष | |
|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ |
| गत वर्षको निवेदन बाँकी संख्या | | ३९४ | ३१९ |
| यस वर्षको निवेदन संख्या | केन्द्रीय  कार्यालयमा | १४९ | २१ |
| | प्रदेश कार्यालयमा | ५७ | ०२ |
| | कुल दर्ता | २०६ | २३ |
| पुनरावेदनबाट आएका मुद्दाको संख्या | | - | - |
| **जम्मा निवेदन** | | **६००** | **३४२** |
| फैसला/सहमति भएका मुद्दा संख्या | फैसला | २०४ | ३२ |
| | सहमति | ७७ | ७ |
| | जम्मा फछ्यौंट | २८१ | ३९ |
| **बाँकी संख्या** | | **३१९** | **३०३** |

चालु आ.व. २०८३/८४ को भदौ मसान्तसम्ममा केन्द्रीय कार्यालयमा २१ र प्रदेश कार्यालयमा २ गरी प्राधिकरणमा कुल दर्ता भएका २३ वटा उजुरी, गत वर्षको बाँकी ३१९ वटा निवेदन गरी कुल ३४२ वटा उजुरी प्राप्त भएको छ । जसमध्ये ३२ वटा उजुरी मुद्दा फैसलाबाट र ०७ वटा उजुरी सहमतीबाट गरी कुल ३९ वटा उजुरी फछर्यौट भएका छन् भने ३०३ वटा उजुरी विचाराधिन अवस्थामानै रहेको छ ।

**तयार:**

अनुसन्धान महाशाखा

नेपाल बीमा प्राधिकरण